# प्रदेश युवा परिषद् ऐन, २०७६

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# प्रदेश युवा परिषद् ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७७।०१।०३

## संवत् २०७६ सालको ऐन नं. २३

**प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** युवाको हक हितको संरक्षण, सम्बर्ध्दन र सशक्तीकरण गरी शिक्षा, सीप, उद्यमशीलता र रोजगारीमा युवाको प्रतिनिधित्व, भूमिका र योगदानलाई प्रवर्धन गर्दै समुन्नत प्रदेश तथा राष्ट्रको निर्माणका लागि युवा सम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरुको सार्थक सहभागिता अभिवृद्धि गरी प्रदेश तथा राष्ट्र विकासको मूल प्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश युवा परिषद् ऐन, २०७६" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको तीसौं दिनबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "जिल्ला युवा समिति" भन्नाले दफा १३ बमोजिमको जिल्ला युवा समिति सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "परिषद" भन्नाले दफा ५ बमोजिम स्थापना भएको प्रदेश युवा परिषद् सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "युवा" भन्नाले सोह्र वर्षदेखि चालीस वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ।

(झ) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा अति सीमान्तकृत, अल्पसङ्ख्यक समुदायका युवा सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सचिव समेतलाई जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) "समिति" भन्नाले दफा १० बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## परिषद्को स्थापना

३. **परिषद्को स्थापनाः** (१) प्रदेश भित्र युवाको हक हित संरक्षण, सम्बर्ध्दन र सशक्तीकरण गर्नको लागि प्रदेश युवा परिषद् स्थापना गरिनेछ।

(२) परिषद्को मुख्य कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ।

४. **परिषद् स्वशासित र संगठित संस्था हुनेः** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित तथा संगठित संस्था हुनेछ।

(२) परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

तर परिषद्ले अचल सम्पत्ति बेचबिखन गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) परिषद्ले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद–३

## <u>परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार</u>

५. **<u>परिषद्को गठनः</u>** (१) परिषद्को गठन देहाय बमोजिम हुनेछः–

(क) प्रदेश सरकारको युवा सम्बन्धी विषय हेर्ने मन्त्री -अध्यक्ष

(ख) प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति -उपाध्यक्ष

(ग) प्रदेश नीति तथा योजना आयोगको सदस्य (युवा सम्बन्धी विषय हेर्ने) -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(च) मन्त्रालयको युवा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(छ) युवाको हक, हितको संरक्षण र सम्बर्ध्दनमा योगदान पुऱ्याएको युवाहरु मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनीत गरेका कम्तीमा तीन जना महिला सहित छ जना -सदस्य

(ज) उद्योग, श्रम, कृषि, खेलकुद, विज्ञान, प्रविधि, सूचना, सञ्चार लगायतका तथा वातावरण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनीत गरेका कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

(झ) लैंगिक तथा यौनिक अल्पसंख्यक मध्येबाट एक जना -सदस्य

(२) परिषद्को वरिष्ठतम कर्मचारीले परिषद्को सचिवको रुपमा काम गर्नेछ।

(३) परिषद्को मनोनीत सदस्य हुन देहायको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) चालीस वर्ष उमेर ननाघेको।

(४) मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको भनी परिषद्ले निर्णय गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम मनोनीत सदस्यहरुलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

६. <u>**परिषद्को काम, कर्तव्य र अधिकार**</u>: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ग) सीप, मनोरञ्जन, स्वयंसेवा, नेतृत्व विकास, उद्यमशीलता, रोजगार, विज्ञान, सूचना तथा प्रविधि, दीगो विकास र वातावरण संरक्षण जस्ता क्षेत्रमा युवाको प्रवर्धनका लागि कार्यक्रम सञ्चालन गर्ने,

(घ) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने,

(ङ) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(च) युवा विकास, सशक्तीकरण एवं मूल प्रवाहीकरण सम्बन्धी विषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(छ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ज) युवालाई प्रदेशको सर्वाङ्गिण विकासमा केन्द्रीत भई अघि बढ्न उत्प्रेरित गर्ने,

(झ) युवाका क्षेत्रमा संघ र स्थानीय तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ञ) युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गर्न सक्ने,

(ट) प्रदेश संग्राहलय र प्लानेटोरियम जस्ता कार्यक्रमबाट वैज्ञानिक अन्वेषण कार्यलाई प्रोत्साहन गर्ने,

(ठ) विपद् व्यवस्थापनमा युवा शक्ति परिचालन गर्ने,

(ड) स्वदेश तथा विदेशको कार्य अनुभवबाट युवाहरुले आर्जन गरेको प्राविधिक ज्ञान, सीप र अनुभवलाई प्रोत्साहन गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

७. **<u>परिषद्को बैठक र निर्णयः</u>** (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

तर दुई बैठक बीचको अन्तर सामान्यतया चार महिनाभन्दा बढी हुने छैन।

(२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सचिवले सदस्यहरुलाई दिनेछ।

(४) परिषद्मा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्नेछ।

(८) बैठकमा आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## उपाध्यक्षको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

८. **उपाध्यक्षः** (१) परिषद्को कार्यकारी प्रमुखको रुपमा एक जना उपाध्यक्ष रहनेछ।

(२) मन्त्रालयले मन्त्रालयका सचिवको अध्यक्षतामा अन्य दुई जना विज्ञ रहेको तीन सदस्यीय एक सिफारिस समिति गठन गरी उक्त समितिले सिफारिस गरेका व्यक्ति मध्येबाट प्रदेश सरकारले उपाध्यक्ष पदमा एक जना नियुक्त गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले देहाय बमोजिम योग्यता भएका व्यक्तिहरु मध्येबाट तीन जनाको नाम सिफारिस गर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी युवाको हक, हितको संरक्षण, सम्बर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(घ) सम्बन्धित क्षेत्रमा काम गरिरहेको,

(ङ) चालीस वर्ष उमेर ननाघेको।

(४) उपदफा (२) बमोजिमको सिफारिस समितिको बैठक लगायत सिफारिस गर्दा अवलम्बन गर्नुपर्ने अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले परिषद्को अहित हुने कुनै काम गरेमा, कार्य क्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारीपूर्वक नगरेमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(८) उपाध्यक्षको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा प्रदेश सरकारको एघारौं तहको कर्मचारीले पाए सरहको हुनेछ।

९. **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(ङ) परिषद्को कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(च) प्रदेश युवा परिषद्ले तोकेको अन्य काम गर्ने।

## परिच्छेद–५

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१०. **समितिको गठनः** (१) परिषद्को कार्यकारी निकायको रुपमा काम गर्न देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछ:-

| | |
|---|---|
| (क) उपाध्यक्ष | -संयोजक |
| (ख) मन्त्रालयको युवा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख | -सदस्य |
| (ग) परिषद्का सदस्यहरु मध्येबाट परिषद्ले मनोनीत गरेका एक जना महिला सहित दुई जना | -सदस्य |
| (घ) परिषद्को वरिष्ठतम कर्मचारी | -सदस्य-सचिव |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ।

११. **<u>समितिको बैठक र निर्णयः</u>** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको संयोजकको अनुपस्थितिमा सदस्य–सचिवले समितिका सदस्यहरुसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ।

(४) समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले समितिका सदस्यहरुलाई दिनेछ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(८) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(९) समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ख) परिषद्सँग आबद्ध हुन चाहने संघ, संस्थालाई आबद्धता प्रदान गर्ने सम्बन्धी शर्त, विधि र प्रक्रिया निर्धारण गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तीकरण सम्बन्धी प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) युवाका लागि स्वरोजगार प्रवर्धन तथा उद्यमशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) युवा विकास तथा युवा परिचालन सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(च) युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमको कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) युवालाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,

(ज) परिषद्बाट सम्पादन गरिने कार्य मितव्ययी र प्रभावकारी ढंगबाट सम्पादन गर्न तथा वित्तीय उत्तरदायित्व प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्ने,

(झ) युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने,

(ञ) युवा सम्बन्धी संघ, संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ट) युवासम्बन्धी सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-६

## जिल्ला युवा समिति

१३. **जिल्ला युवा समितिको गठनः** (१) जिल्लास्तरमा युवा सम्बन्धी योजना तथा कार्यक्रमको समन्वय, सहजीकरण र सञ्चालन गर्न प्रत्येक जिल्लामा एक जिल्ला युवा समिति रहनेछ।

(२) जिल्ला युवा समिति गठन देहाय बमोजिम हुनेछः-

(क) माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण गरी स्थानीय तहमा युवाको संरक्षण, सम्बर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा विशेष योगदान पुऱ्याएको युवाहरु मध्येबाट परिषद्को सिफारिसमा मन्त्रालयले मनोनीत गरेको व्यक्ति -अध्यक्ष

(ख) युवाको हक, हितको संरक्षण र सम्बर्द्धनमा विशेष योगदान पुऱ्याएको व्यक्ति वा संघ संस्थाको प्रतिनिधित्व हुने गरी प्रदेश निर्वाचन क्षेत्र दुई भएका जिल्लामा कम्तीमा एक जना महिला सहित तीन जना, प्रदेश निर्वाचन क्षेत्र चार भएका जिल्लामा कम्तीमा दुई जना महिला सहित पाँच जना, प्रदेश निर्वाचन क्षेत्र छ भएका जिल्लामा कम्तीमा तीन जना महिला सहित सात जना, प्रदेश निर्वाचन क्षेत्र छ भन्दा बढी भएका जिल्लामा कम्तीमा चार जना महिला सहित नौ जना परिषद्को सिफारिसमा मन्त्रालयले नियुक्ति गर्ने -सदस्य

(ग) जिल्लामा युवा सम्बन्धी विषय हेर्ने कार्यालय प्रमुख -सदस्य-सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(३) उपदफा (२) खण्ड (क) र (ख) बमोजिमको अध्यक्ष र सदस्यले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) सम्बन्धित क्षेत्रमा काम गरिरहेको,

(घ) चालीस वर्ष उमेर ननाघेको।

(४) जिल्ला युवा समितिको अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला युवा समितिको अध्यक्ष वा मनोनीत कुनै सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको देखिएमा परिषद्ले त्यस्तो अध्यक्ष वा सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(६) जिल्ला युवा समितिको बैठक सम्बन्धी कार्यविधि जिल्ला युवा समिति स्वयंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) जिल्ला युवा समितिको सचिवालय प्रदेश युवा परिषद्ले तोकेको स्थानमा रहनेछ।

(८) जिल्ला युवा समितिको अध्यक्ष र सदस्यको सेवा, सुविधा तथा बैठक भत्ता तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(९) मन्त्रालयले मनोनित सदस्यहरु मध्येबाट अध्यक्ष भन्दा फरक लिङ्गबाट एक जना उपाध्यक्ष मनोनित गर्नेछ।

१४. **<u>जिल्ला युवा समितिको काम, कर्तव्य र अधिकारः</u>** जिल्ला युवा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सामाजिक विकास मन्त्रालय र परिषद्बाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रमको समन्वय, सहजीकरण र सञ्चालन गर्ने, गराउने,

(ख) उद्यमशीलता, रोजगारी, नेतृत्व विकास, सीप विकास तालिम लगायतका विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ग) युवा सम्बन्धी खण्डीकृत तथ्याङ्कको अध्यावधि गर्ने,

(घ) स्थानीय तह, युवा सम्बन्धी संघ, संस्था, गैर सरकारी संस्था तथा निजी क्षेत्रको साझेदारीमा जिल्लास्तरमा युवा विकास सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

(ङ) स्थानीय तहमा सञ्चालन हुने युवा सम्बन्धी कार्यक्रमको समन्वय एवं सहजीकरण गर्ने,

(च) विशेष समुदायका युवालाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) स्थानीयस्तरमा युवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्रोत साधन जुटाउने,

(ज) परिषद्ले तोके बमोजिमको काम गर्ने, गराउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१५. **<u>जिल्ला युवा समितिको बैठक र निर्णयः</u>** (१) जिल्ला युवा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

तर दुई बैठक बीचको अन्तर सामान्यतया दुई महिनाभन्दा बढी हुने छैन।

(२) जिल्ला युवा समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) जिल्ला युवा समितिको बैठक हुनुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना जिल्ला युवा समितिको सचिवले सदस्यहरुलाई दिनेछ।

(४) जिल्ला युवा समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा जिल्ला युवा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) जिल्ला युवा समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जिल्ला युवा समितिका उपाध्यक्षले गर्नेछ।

(६) जिल्ला युवा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) जिल्ला युवा समितिको बैठकको निर्णय बैठकको अध्यक्ष र सचिवले प्रमाणित गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(८) जिल्ला युवा समितिले आवश्यक ठानेमा जिल्ला युवा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई जिल्ला युवा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) जिल्ला युवा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि जिल्ला युवा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## परिच्छेद-७

## परिषद्सँग आबद्धता र कार्यक्रम सञ्चालन

१६. **युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्ने:** (१) युवाको हक, हितको संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धी कुनै संघ वा संस्था परिषद्मा आबद्ध हुन चाहेमा देहायको विवरण खुलाई परिषद् समक्ष निवेदन दिनु पर्नेछः-

(क) संघ वा संस्थाको नाम,

(ख) संघ वा संस्थाको उद्देश्य,

(ग) संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि,

(घ) संघ वा संस्थाको कार्य समितिको सदस्यहरुको नाम र ठेगाना।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा सम्बन्धित संघ वा संस्थाको विधान समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त निवेदन सहितका कागजात जाँचबुझ गर्दा निवेदकको माग बमोजिम त्यस्तो संघ वा संस्थालाई परिषद्सँग आबद्धता प्रदान गर्न उपयुक्त

देखिएमा परिषद्ले तोकिए बमोजिमको दस्तुर लिई सो संघ वा संस्थालाई परिषद्सँग आबद्धता प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम परिषद्मा आबद्ध भएका युवा सम्बन्धी संघ वा संस्थाले आफ्नो आबद्धता प्रत्येक तीन वर्षमा तोकिए बमोजिमको दस्तुर परिषद्मा बुझाई नवीकरण गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम परिषद्सँग आबद्ध भएका युवा सम्बन्धी संघ वा संस्थाले आफूले वर्ष भरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(६) युवा सम्बन्धी संघ वा संस्थाको आबद्धता नवीकरण, आबद्धता रद्द र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **<u>कार्यक्रम सञ्चालन गर्ने</u>**: दफा १६ बमोजिम परिषद्सँग आबद्ध भएका युवा सम्बन्धी संघ, संस्थाले आफ्नो विधानको अधीनमा रही बेरोजगार युवालाई विभिन्न ज्ञान र सीप सम्बन्धी तालिम प्रदान गर्न, युवालाई सशक्तीकरण गर्न र पिछडिएको समुदाय वा वर्गको युवाको हक, हितको संरक्षण हुने विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद–८
## <u>परिषद्को कोष</u>

१८. **<u>परिषद्को कोष</u>**: (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्दा वा नवीकरण गर्दा प्राप्त रकम,

(ङ) परिषद्ले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्को नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्ले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) परिषद्को कोषको खाता सञ्चालन परिषद्को सचिव र परिषद्को लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

१९. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) परिषद्ले आफ्नो आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) मन्त्रालयले परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरीक्षण गर्न वा गराउन लगाउन सक्नेछ।

## परिच्छेद-९

## विविध

२०. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) परिषद् तथा जिल्ला युवा समितिलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले व्यवस्था गरे बमोजिम हुनेछ।

(२) परिषद्मा कर्मचारीलाई स्थायी नियुक्ति गर्नु पर्दा प्रदेश लोक सेवा आयोगको सिफारिसमा गर्नु पर्नेछ।

तर चालक र कार्यालय सहयोगी करारमा राख्न बाधा पर्ने छैन।

२१. **सहभागी हुन नहुने:** परिषद्, समिति र जिल्ला युवा समितिको कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्कापट्टा लिन वा आफ्नो निजी स्वार्थ जोडिएको कुनै कार्यमा सहभागी हुनु हुँदैन।

२२. **सुविधा तथा बैठक भत्ता:** परिषद्का अध्यक्ष, उपाध्यक्ष र सदस्य, समितिका संयोजक र सदस्य, जिल्ला युवा समितिका अध्यक्ष र सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

२३. **वार्षिक प्रतिवेदनः** (१) जिल्ला युवा समितिले आफूले वर्ष भरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(२) परिषद्ले आफूले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद् र जिल्ला युवा समितिले वर्ष भरीमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धि, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्को कोषको तथा स्रोत साधनको अवस्था, परिषद्बाट भएका अन्य काम कारबाही तथा युवाको क्षेत्रमा देखिएका समस्या, समस्या समाधानका लागि परिषद्बाट भएका प्रयास र सोको समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ।

(४) परिषद्ले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धि एवं गरेको अन्य काम कारबाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ।

२४. **निर्देशन दिन सक्नेः** (१) प्रदेश सरकारले परिषद्को काम कारबाही तथा सुधारको विषयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

२५. **अधिकार प्रत्यायोजनः** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आवश्यकता अनुसार केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, कुनै सदस्य, सदस्य-सचिव वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२६. **<u>शपथ</u>**: परिषद्, समिति र जिल्ला युवा समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

२७. **<u>सहयोग गर्नु पर्ने</u>**: परिषद्, समिति र जिल्ला युवा समितिको काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२८. **<u>परिषद्को विघटन</u>**: (१) परिषद्ले यस ऐनको उद्देश्य बमोजिम काम गर्न नसकेमा प्रदेश सरकारले जुनसुकै बखत परिषद् विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएमा परिषद्को चल अचल सम्पत्ति प्रदेश सरकारको हुनेछ।

२९. **<u>नेपाल सरकारसँग सम्पर्क</u>**: परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयसँगको समन्वयमा प्रदेश सरकार मार्फत् राख्नु पर्नेछ।

३०. **<u>प्रदेश सरकारसँग सम्पर्क</u>**: परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

३१. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३२. **<u>विनियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक विनियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम, निर्देशिका र कार्यविधि बनाउँदा परिषद्ले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची

(दफा २६ सँग सम्बन्धित)

## <u>शपथ</u>

म....................................................(शपथ लिने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/देश र जनताका नाममा शपथ लिन्छु कि प्रदेश युवा परिषद्/समिति/जिल्ला युवा समितिको .................................... पदको हैसियतले मलाई तोकिएको काम मैले जाने बुझेसम्म कर्तव्य सम्झी देश तथा परिषद्प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

| <u>शपथ ग्रहण गर्नेको</u> | <u>शपथ ग्रहण गरेको प्रमाणित गराउनेको</u> |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| पदः | पदः |
| | कार्यालयः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश